इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.

Infinity Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय: गैंडाकोट, नवलपरासी (ब.सु.पू.)

पं.सं. २०८२/८३
च.नं. १७७

मितिः २०८३/११/२८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ ।

विषयः त्रैमासिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा आ.व.२०८२/८३ को तेस्रो त्रैमासिक प्रतिवेदन मिति २०८३/११/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरेको व्यहोरा जानकारी गराउदछौं । साथै प्रतिवेदन यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

भवदीय,

.....

शम्भुश्वर पन्त
प्रमुख कार्यकारी अधिकृत

फोन: ०७८-५०३३०१, ५०३१४४
फ्याक्स: ०७८-५०३३१७

इमेल: info@infinitylbsl.com.np
वेबसाइट: www.infinitylbsl.com.np

सुकुमवासीको आधारभूत आवश्यकता परिपूर्ति गर्न सर्वोच्चको आदेश

नयाँ पत्रिका

सर्वोच्च अदालतले सुकुमवासी बस्तीबाट हटाइएकाको आधारभूत आवश्यकता पूरा गर्न आदेश दिएको छ। तीनवटा रिटमाथि शुक्रबार सुनुवाइ गर्दै न्यायाधीश कुमार रेग्मी र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले अन्तरिम आदेशमा भनेको छ, '...बस्तीबाट उठाइएका सबै सुकुमवासीलाई आधारभूत आवश्यकता परिपूर्ति नभएको भनी निवेदक एवं राष्ट्रिय मानव अधिकार आयोगका तर्फबाट समेत समस्या औल्याइएको सन्दर्भमा विस्थापित सुकुमवासी वा अव्यवस्थित बसोबासीको हकमा निजहरूको आवास, शिक्षा, स्वास्थ्य, खाद्यान्नसमेतको आधारभूत आवश्यकता उपलब्ध गर्ने-गराउने पक्ष प्रधानकारी कार्य गर्नु-गराउनु।'

सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई विस्थापन गरी अन्यत्र व्यवस्थापन गर्ने सम्बन्धमा कानुनको उचित प्रक्रिया अवलम्बन नगरी वासस्थानबाट हटाउँदा शिक्षा, स्वास्थ्य, आवासलगायत हकमा अपूरणीय क्षति एवं उत्पन्न हुन सक्ने मानवीय संकटसमेतलाई दृष्टिगत गरी अब जबर्जस्ती बस्तीबाट हटाउने वा विस्थापित गराउने कार्य नगर्न पनि अदालतले भनेको छ।

मन्त्रिपरिषद्को ११ चैतको बैठकले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नम्बर ९१ मा उल्लेखित मापदण्ड एवं प्रक्रिया तत्काल कार्यान्वयन नगर्न आदेशमा भनिएको छ। साथै सबै नगरपालिका तथा गाउँपालिकाका नाममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जारी गरेको परिपत्र तथा गृह मन्त्रालयको परिपत्रअनुसार प्रक्रिया अवलम्बन गरेर मात्र बस्तीबाट नहटाउन भनिएको छ।

प्रधानमन्त्री बालेन्द्र शाहको निर्देशनमा गत ९ वैशाखमा २४ पण्टाको समय दिई सुकुमवासी बस्ती खाली गर्न सूचना जारी भएको थियो। जसपछि १२ वैशाखबाट घर भत्काउन सुरु भएकोमा वैकल्पिक आवासविना, पुनर्वासको व्यवस्था नगरी, क्षतिपूर्ति वा अन्य व्यवस्थापना पै प्रभावित परिवारसँग परामर्शसमेत नगरेको, सर्वेक्षण वा प्रगणीकरणसमेत नगरी बस्ती भत्काइएको रिट्मा थियो। विकल्प प्रदान नगरी सुकुमवासीलाई आफ्नो घरबाट जबर्जस्ती निकाल्नु संविधानप्रदत्त हकमाथि अवरोध गरिएको रिट निवेदकहरूको जिकिर थियो। बरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, गोपाल रत्नहेलीसमेत र मार्जिद अन्सारीलगायतले गत ११ वैशाखमा रिट दर्ता गराएका थिए।

सरकारको नीति तथा कार्यक्रम २८ वैशाखमा

नयाँ पत्रिका

सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रम २८ वैशाखमा संसद् मा पेस गर्ने भएको छ। संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले सरकारी कार्यक्रम वाचन गर्नेछन्।

प्रतिनिधिसभा नियमावलीको परिच्छेद ७ मा राष्ट्रपतिबाट सम्बोधन र नीति तथा कार्यक्रमसम्बन्धी व्यवस्था छ। बजेट अभिवेशनमा राष्ट्रपतिको सम्बोधनमा सरकारको नीति तथा कार्यक्रम उल्लेख गरेर दुवै सदनको संयुक्त बैठकमा वाचन गराइन्छ। राष्ट्रपतिले वाचन गरिसकेपछि नीति तथा कार्यक्रम प्रधानमन्त्रीले प्रतिनिधिसभा र राष्ट्रिय सभामा टेबुल गर्ने व्यवस्था छ।

राष्ट्रपतिको सम्बोधनका लागि संसद् सचिवालयले आवश्यक तयारी थालेको छ। सकारात्मे २८ वैशाख दिउँसो २ बजे दुवै सदनको अधिवेशन बोलाएको छ। लगते अपराह्न ४ बजे राष्ट्रपतिको सम्बोधन हुनेछ। दिलो अभिवेशन बोलाउँदा बजेटसम्बन्धी विजनेसको थप पेरेको संसद् सचिवालयका अधिकारीले बताएका छन्। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले ससद्यापको बाचापत्रअनुसार नीति तथा कार्यक्रम र बजेट निर्माण भइरहेको बताए। 'हामी पार्टीको बाचापत्रअनुसारै आगामी नीति कार्यक्रम र बजेट आउँछ,' उनले भने।

एक वर्ष पालो...

« पृष्ठ १ बाट क्रमशः

धेरायी भने गएहरुकी छिन्। तर, धेरापीले केही आराम दिए पनि पूर्ण समाधान नदिएको पुरानो अनुभव पनि सुनाइन्।

यी दुई उदाहरण समा हुला सरकारी अस्पतालकै यथार्थ हुन्। उपचारमा ढिलासुस्ती विगतदेखिकै समस्या हो, पछिल्लोपटक आइतबारसमेत इमर्जेन्सीबाहेक सेवा बन्द हुन थालेपछि गम्भीर 'साइड इफेक्ट' देखिएको छ। दैनिक ओपीडीदेखि शल्यक्रियालगायत सेवाका लागि बिरामीको टेलमठेल भिड हुने गरेको छ।

सबैभन्दा लामो पालो त्रिभि शिअन अस्पताल (टिचिङ)मा छ। टिचिङमा ०८४ असारसम्म अर्थात् १३ महिनासम्म पाँच हजार पाँच सय बिरामी पालोमा हुन्। अब आउने नयाँ बिरामीले त्यसपछि मात्रै पालो पाउँछन्। 'अहिले बिरामीको भिड धेरै छ, आइतबार बिदा भएपछि त्यस दिनका बिरामीको चाप सोमबार थपिन्छ,' टिचिङ अस्पतालका सूचना अधिकारी कालीप्रसाद रोमायराले भने, 'शल्यक्रिया गर्नुपर्ने बिरामीको पालो ०८४ असारसम्म पुगिसकेको छ।'

भिर्गौलामा १२ एमएमको पथरी भएपछि अप्रेसन गर्नुपर्ने कालिकोटका हितराज थापाको पालो टिचिङका डाक्टरले ५ असार ०८४ का लागि तोकिदिएका छन्। 'गाउँकै अस्पतालमा जचाउँदा झिङ्गीमा पत्थरी छ भन्ने पत्ता लाग्यो, त्यहाँ अप्रेसन नहुने भएपछि काठमाडौं आएको, तर त्यति ठाडाबाट आए पनि पालो पाइएन,' भंगलवार टिचिङमा भेटिएका उनले भने, 'अब अरू नै अस्पतालमा उपचार गराए गाउँ फर्किनुपर्ला। नत्र एक वर्षसम्म कुर्दा मरिएला भन्ने डर भो।'

देशकै जेठो सरकारी अस्पताल वीर र ललितपुरको पाटन अस्पतालमा बिरामीको अप्रेसनको पालो नौ महिनासम्म पुगेको छ। आइतबार बिदा थपिएपछि उक्त दिनको करिब ५० अप्रेसन अर्को दिनका लागि सर्ने गरेको वीर प्रशासनले जनाएको छ। 'आइतबार बिदा हुने भएपछि त्यो दिनको करिब ५० अप्रेसन अर्को दिनलाई सर्ने गरेको छ,' वीरका निर्देशक डा. दिलीप शर्मालेले भने, 'दैनिक ४०÷५० शल्यक्रिया हुन्छन्, कहिलेकाहीं एकै दिन ८०÷९० बिरामी शल्यक्रिया गर्नुपर्ने अवस्थाका आउँछन्, तर उनीहरूको अवस्था हेरेर शल्यक्रिया गरिन्छ, कुर्दा समस्या नहुनेलाई पालो परेको दिन बताइदिन्छौं।'

दुई दिन बिदाका कारण अस्पतालले सर्जरीदेखि ओपीडी सेवासम्म घटाएपछि त्यसको मार बिरामीलाई परेको छ। यहाँ आउँदा पालो नपाएका बिरामीहरू अन्य निजी अस्पताल धाउन बाध्य छन्। सस्तो र भरपर्दो सेवा लिन भनेर वीरमा आएका कतिपय बिरामीले पालो नपाउने भएपछि निराश हुँदै फर्किने गरेका छन्। 'आमाको पित्तथैलीको अप्रेसन गर्नुपर्ने थियो, सबै जाँच गराइयो, ८÷१० हजार यसै खर्च भयो, अब मापमा आउनुस् भन्नुभएको छ,' मंगलबार वीर अस्पताल परिसरमा भेटिएका नुवाकोटका भोला ढाडालले भने, 'एकजना आफन्त छन्, एकपटक कुरा गर्छौं, नत्र अन्त जानुपर्ला।'

पाटनमा पनि देशैभरका विरामीको भिड लाग्छ। अस्पताल प्रशासनका अनुसार डुरोलोजी, न्युरो, दन्त, मुटु, नाक-कान-पाँटौलगायतको अप्रेसनको पालो २० माघसम्म पुऱ्याइएको अस्पतालले जनाएको छ। माइनर तथा जोखिम नहुने किसिमका कतिपय शल्यक्रियाको पालो पर सारिएको अस्पतालको दावी छ। माघसम्म ९२० बिरामीले पालो कुरिरहेका छन्।

त्यस्तै, भिजामती अस्पताल र राष्ट्रिय ट्रमा सेन्टरमा तीन महिनापछि मात्रै शल्यक्रियाको पालो आउँछ। भिजामती अस्पतालका निर्देशक मोहनचन्द्र रेग्मीका अनुसार आकस्मिकबाहेकका शल्यक्रियाको पालो तीन महिनासम्म पुगेको छ। '५÷७ महिनापछिले नी महिनासम्म पालो कुर्नुपर्ने थियो, अहिले सुधार गर्दै तीन महिनासम्म झारेका छौं, तर केहि दुईदिने बिदाले पालो कुर्नेको संख्या उत्तिकै लाग्दै छ,' उनले भने, 'यहाँ अहिले दैनिक एक हजार तीन सय बिरामी आउँछन्, त्यसमध्ये सानाहुला गरी करिब सयजनाको शल्यक्रिया गर्नुपर्ने हुन्छ।' अस्पतालका अनुसार तीन महिना पालो कुर्नुपर्ने बिरामीको संख्या ७५० भन्दा बढी छ।

ट्रमा सेन्टरमा हाडजोर्नी र चोटपटकसँग सम्बन्धित बिरामीलाई अवस्था हेरेर पालो दिने गरेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रुद्र मरासिनीले बताए।

हाल सरकारी अस्पतालमा शल्यक्रियाका लागि पालो कुर्ने बिरामी अत्यन्तै भिड भएपछि स्वास्थ्य मन्त्रालयले त्यसलाई व्यवस्थापन गर्न अस्पतालहरूसँग समन्वय गर्न सकेको छैन। स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. सनीकुमार अधिकारीले अस्पतालमा पालो कुर्नेको संख्या ०८४ सम्म पुगेकोबारे जानकारी नभएको बताए। 'पहिलेभन्दा अस्पतालमा केही सुधार भएको छ, शल्यक्रियाको पालो ०८४ सम्म पुगेको छ भनेर जानकारी आएको छैन, त्यस्तो नहुनुपर्ने हो,' उनले भने, 'यसबारे अस्पतालहरूबाट थप जानकारी लिन्छौं।'

'सर्वोच्चमा परम्परा...

« पृष्ठ १ बाट क्रमशः

र सेवा अवधिको हिसाब गरेर न्यायाधीश नियुक्त गरिन्थ्यो,' उनले भने, 'नियुक्त हुने वेलामै प्रधानन्यायाधीश हुने सुनिश्चित भएपछि त्यही सुधारको गुन्यासस हुँदैनथ्यो, प्रधानन्यायाधीशको लाइनमा नभएका असल न्यायाधीशमाथि पनि अन्याय भएको थियो, अब त्यस्तो हुँदैन।' विगतको खराब परम्पराके कारण वरीयतामा थपि रहेका न्यायाधीशहरू पीडित बनेको उनको विश्लेषण छ।

वरीयताका आधारमा प्रधानन्यायाधीश नियुक्त गरिन्थ्यो, ०९३ सालसम्मका लागि प्रधानन्यायाधीश 'सेट' गरिसकेको थियो। पुरानै परम्परा अनुसार नियुक्त हुँदा ०८५ कार्तिकसम्म सपना प्रधान मल्ल, ०८५ कार्तिकदेखि ०८८ भदौसम्म कुमार रेग्मी, ०८८ भदौदेखि ०९२ असोजसम्म हरि फुयाँल, ०९२ असोजदेखि ०९३ असारसम्म नहकुल सुवेदी र ०९३ असारदेखि ०९४ पुससम्म टेकप्रसाद डुंगाना प्रधानन्यायाधीश नियुक्त हुने गरी वरीयता मिलाइएको थियो। अब यो परम्परा भौतिकरूपमै कार्यसम्पादनका आधारमा न्यायाधीश नियुक्त हुनेछन्।

विगतमा दलहरुले आफ्ना निकटस्थलाई मात्र वरीयतामा अगि राख्ने परम्पराले न्याय सेवा पूर्णरूपमै आफ्ना र राजनीतिक दलसँग नजोडिएकाहरू प्रधानन्यायाधीश नै हुन नसक्ने अवस्था सिर्जना भएको थियो। अब त्यसमा सुधार हुने भएकाले 'करिअर जज'हरू भने हालको संवैधानिक परिषद्को सिफारिसबेगि संकटासन्न देखिएका छन्। अन्यायमा परेका न्यायाधीशहरू भोलिका दिनमा न्यायालयको नेतृत्वमा पुगे बोका परिषद्को निर्णयले छोलेको छ। विगतमा राजनीतिक आडकै कारण 'चोप' न्यायाधीशहरू प्रधानन्यायाधीश हुनबाट वञ्चित भएका थिए।

यसको उदाहरण हरिकुण्ण कार्की र अनिल सिन्हा हुन्। कार्की नेपाल बार एसोसिएसनको अध्यक्ष भएकै वेला महान्यायाधिवक्ताका नियुक्त भए। तत्कालीन प्रधानमन्त्री केपी ओलीले अनलाई महान्यायाधिवक्ता बनाएका थिए। महान्यायाधिवक्ता रहँदै अवस्थामा उनलाई सर्वोच्चको न्यायाधीश बनाइयो। न्यायाधीश मात्र बनाइएन, त्यतिवेलामै प्रधानन्यायाधीशसमेत हुने गरी वरीयतामा अघि राखेर नियुक्त गरिएको थियो। उनले प्रधानन्यायाधीश भएर अवकाश पाइसकेका छन्। त्यतिवेला नियुक्त भएकामध्ये अनिल सिन्हा कार्कीभन्दा सिनियर थिए। तर, त्यही सेटिङका कारण सिन्हा सिनियर भए पनि प्रधानन्यायाधीश हुन पाएनन्। सर्वोच्चका अधिलेखे ५ जना न्यायाधीशमध्ये तिलप्रसाद श्रेष्ठ पढाइ, उमेर र कार्यसम्पादन तीनै दृष्टिकोणले सिनियर भएको सर्वोच्चका अधिकारीहरू बताउँछन्। तर, सेटिङभित्र नपर्दा उनलाई पनि प्रधानन्यायाधीश बन्न नसक्ने गरी पछि मात्र सर्वोच्चमा नियुक्त गरियो।

मध्यपूर्व संकटबाट...

« पृष्ठ १ बाट क्रमशः

मुद्रा सञ्चिति, भुक्तानी सन्तुलन, ऊर्जा, इन्धन, खाद्यान्न, औषधि आपूर्तिमा पर्ने प्रभाव न्यूनीकरण र स्वदेश्यापनका लागि आवश्यक कदमसमेत सिफारिस गरेको छ। १४२ पृष्ठ लामो प्रतिवेदनमा इरानमाथि अमेरिकी र इजरायली हमलापछिको पश्चिम एसियाली संकट मात्र नभई रुस-युक्रेन युद्ध, इजरायल-हमास युद्ध, सन् १९९० पछिका संकटको अध्ययन र समीक्षा गरिएको छ।

सकारको सुशासनका सबथ्रेदे कार्यक्रमअन्तर्गत बुँदा नम्बर ५५ अनुसार १६ चैतमा कार्यदल गठन भएको थियो। कार्यदलले २३ वैशाखमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुझाएको र पराष्ट्र मन्त्रालयले शुक्रवार सार्वजनिक गरेको प्रतिवेदनमा वैदेशिक रोजगारीअन्तर्गत श्रमिकको डिजिटल प्रोफाइल तथा स्थानगत तथ्यांक अद्यावधिक गर्ने, जोखिमको स्तरअनुसार पश्चिम एसियाबाट नेपालीलाई सुरक्षित स्थानान्तरण र स्वदेश फिर्ताको तयारी गर्नेसमेतको सिफारिस गरिएको छ। 'गन्तव्य देशसँग कूटनीतिक पहल गरी श्रमिकहरूको भौतिक सुरक्षा र पारिश्रमिकको सुनिश्चितताका लागि आग्रह गर्ने' कार्यदलको सुझावमा भनिएको छ।

कार्यदलका सदस्यसचिव एवं पराष्ट्र मन्त्रालय पश्चिम एसिया महाशाखा प्रमुख रामकाजी खड्काका अनुसार पश्चिम एसियामा दक्षिण एसियाको दुई करोड १० लाख जनसंख्या छ। नेपालका करिब १८ लाख श्रमिक पश्चिम एसियामा छन्। अमेरिकाले १६ फागुनमा इरानमाथि हमला गरेयता उत्पन्न संकटका कारण पश्चिम एसियामा रोजगारको संकट हुन सक्ने र त्यसबाट श्रमिक एवं उनीहरूका आश्रित परिवारको जीविकोपार्जनमा असर पर्न सक्ने प्रतिवेदनमा औल्याइएको छ। गरिबीको रेखामुनिबाट माथि आधि उठेका परिवार पुनः मारमा पर्न सक्ने विश्लेषणसहितको प्रतिवेदन सरकारले कार्यान्वयन गर्ने पराष्ट्रका अधिकारीले बताए। नेपालको कृषि, उद्योग, व्यापार, निर्यात, मल आयातलगायतमा असर देखिएको छ भने इन्धनको मूल्यवृद्धिको असर सबै क्षेत्रमा पोकेको छ।

पराष्ट्र प्रवक्ता लोकमहादुर पौडेल क्षेत्रीका अनुसार पश्चिम एसियामा दिगो शान्तिका लागि परिस्थिति चन्दै गएको नेपाल सरकारको विश्लेषण छ। 'अहिले नेपालीको अवस्था सामान्य छ। पराष्ट्र मन्त्रालयको इमर्जेन्सी कन्ट्रोल रुममा जम्मा ३२२ पटक सम्पर्क भएको छ भने कन्सुलर सेवा विभागले तयार गरेको अनलाइन फारममा हालसम्म ८६ हजार ५५१ जना नेपाली नागरिकले नाम दर्ता गर्नुभएको छ,' प्रवक्ता क्षेत्रीले भने। उनका अनुसार इरानमा १० नेपाली छन्।

इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.
Infinity Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय गैडाकोट, नवलपरासी
(बर्दघाट सुस्ता पूर्व), फोन नं.: ०७८-५०३३०१
इमेल: info@infinitylbsl.com.np

Interim Financial Statements of FY 2082/83

Condensed Statement of Financial Position
As on Quarter ended 30th Chaitra, 2082

Amount (NPR)

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and cash equivalent	364,409,639	458,120,670
Statutory Balances and due from Nepal Rastra Bank	24,571	1,415,890
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and advances to MFIs & Cooperatives	-	-
Loans and Advances to Customers	5,595,274,423	5,629,280,984
Investment Securities	1,000,000	1,000,000
Current Tax Assets	18,304,576	48,867,291
Investment Property	2,600,000	1,800,000
Property and Equipment	61,050,225	59,556,969
Goodwill and Intangible Assets	6,268,681	6,504,665
Deferred Tax Assets	29,744,838	29,149,060
Other Assets	89,539,470	70,330,431
Total Assets	**6,151,216,422**	**6,305,525,361**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	1,431,857,723	1,391,092,154
Borrowing	3,708,253,935	3,976,915,794
Current Tax Liabilities	-	-
Provisions	18,118,939	18,118,939
Deferred Tax Liabilities	-	-
Other Liabilities	296,246,287	298,252,451
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	5,454,476,884	5,684,379,338
Equity		
Share Capital	497,415,943	497,415,942
Share Premium	-	-
Retained Earnings	(8,045,444)	(54,775,908)
Reserves	207,369,040	178,505,989
Total Equity	696,739,538	621,146,023
Total Liabilities and Equity	6,151,216,422	6,305,525,361

Condensed Statement of Profit & Loss
For the Quarter ended 30th Chaitra, 2082

Amount (NPR)

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	156,938,595	542,769,680	218,984,067	548,748,068
Interest Expense	79,311,049	253,080,677	92,441,367	293,158,397
Net Interest Income	**77,627,346**	**289,689,204**	**126,542,700**	**255,589,711**
Fee and Commission Income	11,665,277	43,020,726	19,533,971	48,336,293
Fee and Commission Expense	14,568	70,387	-	-
Net Fee and Commission Income	**11,650,708**	**42,950,339**	**19,533,871**	**48,336,253**
Net Interest, Fees and Commission Income	**89,278,054**	**332,639,542**	**146,076,571**	**303,925,964**
Net Trading Income	-	-	-	-
Other Operating Income	-	160,849	-	-
Total Operating Income	**89,278,054**	**332,799,891**	**146,076,571**	**303,925,964**
Impairment Charge/(Reversal) for Loans and Other Losses	(8,610,368)	(1,255,752)	(24,390,416)	95,740,388
Net operating income	**97,888,423**	**334,055,653**	**170,466,988**	**208,185,576**
Operating Expense	**75,577,056**	**226,646,658**	**74,900,063**	**207,241,031**
Personnel Expenses	54,803,983	164,343,075	53,084,657	141,604,496
Other Operating Expenses	15,791,519	47,965,107	23,682,764	59,491,448
Depreciation & Amortization	4,921,452	14,338,477	1,132,642	6,145,176
Operating Profit	**22,311,367**	**107,408,994**	**95,566,925**	**944,546**
Non-Operating Income	-	-	-	-
Non-Operating Expense	-	-	-	-
Profit before Income Tax	**22,311,367**	**107,408,994**	**95,566,925**	**944,546**
Income Tax Expense				
Current Tax	6,693,410	32,222,698	28,670,078	283,364
Deferred Tax	(298,003)	(595,777)	-	-
Profit for the Period	**15,915,960**	**75,782,073**	**66,896,848**	**661,182**
Condensed Statement of Comprehensive Income				
Profit for the period	15,915,960	75,782,073	66,896,848	661,182
Other Comprehensive Income				
Total comprehensive income for the period	**15,915,960**	**75,782,073**	**66,896,848**	**661,182**

Ratio as per NRB Directives

Particulars	Current Year		Previous Year	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA	-	9.45%	-	10.76%
Non Performing Loan (NPL) to Total Loan	-	23.93%	-	14.35%
Total Loan Loss Provision to Total NPL	-	24.94%	-	28.39%
Cost of Funds	-	6.43%	-	7.21%
Credit to Deposit & Borrowing Ratio	-	113.65%	-	115.03%
Base Rate	-	12.28%	-	12.96%
Interest rate spread	-	8.52%	-	7.30%

Interest Rate	
1. Deposits : 7.2% - 7.5%	2. Loan & Advance : 14.10%

Statement Of Distributable Profit or Loss
For the Quarter ended 30th Chaitra, 2082
(As per NRB Regulation)

Particulars	Current Year Upto This Quarter YTD	Previous Year Corresponding Quarter YTD
Net profit or (loss) as per statement of profit or loss	75,782,073	661,182
Appropriation:		
a. General reserve	15,156,415	132,236
b. Foreign exchange fluctuation fund	-	-
c. Capital redemption reserve	-	-
d. Corporate social responsibility fund	757,821	6,612
e. Employees' training fund	-	-
f. Client Protection Fund	1,515,641	6,612
g. Other	-	-
Profit or (loss) before regulatory adjustment	**58,352,196**	**515,722**
Regulatory adjustment :	**(11,621,733)**	**21,384,666**
a. Interest receivable (-)/previous accrued interest received (+)	(10,225,955)	22,519,666
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-	-
d. Short loan loss provision on Non Banking Assets (-)/reserval (+)	(800,000)	(1,134,000)
e. Deferred tax assets recognised (-)/ reversal (+)	(595,777)	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognised (-)/reversal (+)	-	-
h. Actuarial loss recognised (-)/reversal (+)	-	-
i. Other	-	-
Net Profit for the period available for distribution	**46,730,464**	**21,900,388**
Opening Retained Earning	**(54,775,908)**	**(4,918,036)**
Adjustment (+/-)	-	
Distribution:	-	
Bonus shares issued	-	
Cash Dividend Paid	-	-
Total Distributable profit or (loss) as on Quarter end date	**(8,045,444)**	**16,982,352**

Notes :

1. The above figures are subject to change upon regulator's instruction and/or statutory auditors.
2. The detail interim financial report has been published in the website.
3. The Microfinance following the regulatory backstop as mentioned in clause 16 of NFRS-9, Expected Credit Loss Guidelines, 2024", has recognised impairment on credit exposure as the higher of total ECL calculated as per NFRS 9 and existing provision mentioned in Unified Directives no 02.
4. Personnel expenses include the Provision for Employee Benefit.
5. Loans & Advances are presented net of Impairment charges.
6. Actuarial Valuation will be done on annual basis for Employee Benefit.
7. The difference in profit as per the NFRS and GAAP has been transferred to Regulatory Reserve.
8. Previous period figures are regrouped/ rearranged/ restated wherever necessary for consistent presentation and comparison.

वित्तीय दर्शा तथा निष्कर्षका विश्लेषणहरू, २०७३ बमुसुची १४ (विषय २६ को उपविषय (१) संग सम्बन्धित) आ.व. २०८२/८३ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

(क) वैधानिक अवधिको लेखापरीक्षण, लाभांश सेयरलाभ हकप्रदायी विवरण : लाभ रु.३ लाख ८८ लाख हकप्रदायको उपयोगपछि वित्तीय विवरणहरू प्रकाशनका लागि संञ्चालक समितिबाट अनुमोदन भएको छ। यो वित्तीय विवरणमा आधारित रहेर लेखापरीक्षण भइरहेको छ। लेखापरीक्षण भइसकेपछि वार्षिक साधारणसभाको सूचना प्रकाशित गरिनेछ। यो अन्तरिम वित्तीय विवरण कम्पनीको वेबसाइट www.infinitylbsl.com.np मा पनि राखिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरू

प्रति सेयर आम्दानी (चौमासिक)	मूल्य आम्दानी अनुपात	प्रति सेयर नेटवर्थ	प्रति सेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात	पुँजीकोष अनुपात
रु. २०.१५	४९.८५	रु.१४०.०३	रु. १,२५६.६३	८.४२%	१.४४%

२. व्यवस्थापकीय विश्लेषण :

(क) वैधानिक अवधिभर सञ्चालकको जीवनचक्र, व्यवस्थापनमा कुनै परिवर्तनसमेत भएको भए सोको प्रमुख आधार सम्बन्धी विवरण : यस वित्तीय संस्थाको प्रमुख कार्यालय गैडाकोट नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा रहेको छ। यसको मुख्य कार्य क्षेत्र लघुवित्त कार्यक्रम सञ्चालन गरी गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने रहेको छ। यसका मुख्य कार्यहरूमा बचत परिचालन, ऋण लगानी, सामाजिक परिचालन, वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने रहेका छन्। यस संस्थाको कार्यक्षेत्र नेपालका ७ प्रदेशका ३३ जिल्लाहरूमा फैलिएको छ। यस संस्थाको केन्द्रीय कार्यालय, ३ क्षेत्रीय कार्यालय, ३३ शाखा कार्यालय, ३ वटा एकाई कार्यालय, ३ वटा प्रशिक्षण केन्द्र, ३ वटा ऋण केन्द्र र ३ वटा सम्पर्क केन्द्रहरू रहेका छन्। यस संस्थाको कार्यक्षेत्रमा ३३ जिल्लाहरूमा फैलिएका ३३ शाखा कार्यालयहरूमार्फत ३३ वटा जिल्लाहरूमा ३३ वटा केन्द्रहरूमा ३३ वटा समूहहरूमार्फत ३३ हजार ३३ सदस्यहरूलाई लक्षित गरी ऋण लगानी गरिएको छ। यस संस्थाको कार्यक्षेत्रमा ३३ वटा जिल्लाहरूमा ३३ वटा केन्द्रहरूमा ३३ वटा समूहहरूमार्फत ३३ हजार ३३ सदस्यहरूलाई लक्षित गरी ऋण लगानी गरिएको छ।

- आगामी वर्षको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विशेषधारणा विश्लेषण : चालुवर्ष १०० वटा नयाँ कार्यालयहरूमार्फत ५३३,३०५ सदस्यहरूलाई लघुवित्त सेवा प्रदान गर्ने लक्ष्य रहेको छ। यसैगरी, व्यवसायलाई थप प्रभावकारी बनाउन मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, एसएमएस बैंकिङ, क्यूआर भुक्तानी, एनपीआई, एनआईसी एसिया मोबाइल बैंकिङ, आईएमई पे, एसएमएस अलर्ट लगायतका डिजिटल बैंकिङ सेवाहरू विस्तार गर्ने लक्ष्य रहेको छ। यसका लागि आवश्यक प्रविधिको विकास गर्ने, कर्मचारीलाई तालिम दिने, ग्राहकलाई सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य रहेको छ।
- संगठित संस्थाको सञ्चालकहरू तथा पदाधिकारी विवरणहरू : यस संस्थाको सञ्चालक समितिमा अध्यक्षमा श्री सुरेन्द्र प्रसाद पौडेल, उपाध्यक्षमा श्री सुरेन्द्र प्रसाद पौडेल, सञ्चालकमा श्री सुरेन्द्र प्रसाद पौडेल, श्री सुरेन्द्र प्रसाद पौडेल, श्री सुरेन्द्र प्रसाद पौडेल,